# ईन्द्रावती राजपत्र

ईन्द्रावती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १) सिन्धुपाल्चोक, जेष्ठ २ गते, २०७५ साल (संख्याः १

## भाग - २

## ईन्द्रावती गाउँपालिका
## ईन्द्रावती राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना :**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाँउपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड ईन्द्रावती राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक ईन्द्रावती राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, ईन्द्रावती राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, ईन्द्रावती राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, ईन्द्रावती राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, ईन्द्रावती राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न ईन्द्रावती गाउँ कार्यपालिकाको मिति २०७५/०२/०१ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

# भाग - १

## प्रारम्भिक

१. **<u>कार्यविधिको नामः</u>** यस कार्यविधिको नाम "ईन्द्रावती राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

२. **<u>कार्यविधि लागू हुनेः</u>** यो कार्यविधि ईन्द्रावती गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

# भाग - २

## ईन्द्रावती राजपत्रको भाग र ढाँचा

३. **<u>ईन्द्रावती राजपत्रको भागहरुः</u>** ईन्द्रावती राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **<u>ईन्द्रावती राजपत्रको ढाँचाः</u>** ईन्द्रावती राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **<u>खण्डको व्यवस्थाः</u>** ईन्द्रावती राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **<u>ईन्द्रावती राजपत्रको संख्याः</u>** (१) ईन्द्रावती राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **<u>ईन्द्रावती राजपत्रमा प्रकाशन गर्ने सामग्रीः</u>** ईन्द्रावती राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **ईन्द्रावती राजपत्र प्रकाशन गर्ने अधिकारी:** ईन्द्रावती राजपत्र ईन्द्रावती गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग- ३
## ईन्द्रावती राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **ईन्द्रावती राजपत्र प्रकाशनको जिम्मेवारी:** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई ईन्द्रावती राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र ईन्द्रावती राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:** (१) प्रकाशन हुने सामग्री गाउँ कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. **ईन्द्रावती राजपत्रको अभिलेख व्यवस्थापन:** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम ईन्द्रावती राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : गाँउपालिकाले ईन्द्रावती राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाँउपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित विभाग/महाशाखा/शाखा, र

(ङ) गाँउपालिकाका प्रत्येक वडा कार्यालय

१३. **<u>वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः</u>** गाँउपालिकाबाट प्रकाशित ईन्द्रावती राजपत्रलाई गाँउपालिकाको वेभ साइटमा छुट्टै खण्ड ( अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **<u>विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः</u>** (१) प्रकाशित ईन्द्रावती राजपत्र गाँउपालिकाका वडाहरु र ईन्द्रावती गाँउपालिकाको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) ईन्द्रावती राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

**(क)** **<u>बार्षिक सदस्य बनाई बिक्री गर्दाः</u>** वडा कार्यालय वा गाँउपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/-(पाँच सय नब्बेमात्र)

**(ख)** **<u>खुद्रा बिक्री गर्दा :</u>** ईन्द्रावती राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले ईन्द्रावती राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ५० पैसाका दरले थप शुल्क लिइनेछ ।

गाउँ कार्यपालिकाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

१५. **<u>बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :</u>** ईन्द्रावती राजपत्र बिक्री बापत प्राप्त राजश्व गाँउपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **कार्यविधिको व्याख्या :** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाऊ :** यो कार्यविधि लागू हुनुभन्दा अगावै गाँउपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

# अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

## ईन्द्रावती राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग-१

यस भागमा गाउँ सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐनहरु प्रकाशन गरिनेछ।

### भाग-२

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, नियम तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ।

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

# ईन्द्रावती राजपत्र

**ईन्द्रावती गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः** ......)                                   **मितिः** ....../..../.....

# भाग - १

## ईन्द्रावती गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची - २

(दफा ४ तथा अनसूची-१ को भाग-**२** सँग सम्बन्धित)

# ईन्द्रावती राजपत्र


**ईन्द्रावती गाँउपालिकाद्वारा प्रकाशित**

**खण्डः** ......)                **मितिः** ....../..../.....


# भाग - २

## ईन्द्रावती गाँउपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७५/०२/०१

**आज्ञाले,**
**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**

# एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४

**प्रस्तावनाः**

एफ.एम रेडियो सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले,

ईन्द्रावती गाउँ कार्यपालिकाले मिति २०७४/०६/२६ मा नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले नगर कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ।

(घ) "कार्यकारी अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको कार्यकारी अधिकृत सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले ईन्द्रावती गाउँपालिका सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "बिषयगत शाखा" भन्नाले गाउँ कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ।

(ज) "वडा सचिव" भन्नाले ईन्द्रावती गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने तोकिएको वडासचिव सम्झनुपर्छ।

(झ) "वडा समिति" भन्नाले ईन्द्रावती गाउँ कार्यपालिकाको वडा समिति सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले गाउँपालिकाको सदस्य सम्झनु पर्छ। सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउने छ।

(ट) "स्याटेलाईट रिसिभिंग सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरु व अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनु पर्दछ।

(ठ) “रेडियो यन्त्र” भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्नेवा पठाउने कामको निमित्तप्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छः

- डिस एण्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरु,
- रेडियो ट्रान्समिटर

३. **प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन** : (१) गाउँपालिकाभित्र १०० वाट सम्मको एफ एम रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(२) यो कार्यविधि लागु हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका एफएम रेडियोहरुको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत गाउँपालिकाको हुनेछ ।

४. **इजाजतपत्र नलिई प्रसारण गर्न नहुने** : (१) कसैले यस कार्यविधि बमोजिम इजाजतपत्र नलिई यस गाउँपालिका क्षेत्रभित्र एफएम सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) विपरित गरेमा दफा २१ बमोजिम जरीवाना गरिने छ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालन भैरहेका १०० वाटसम्म क्षमता भएका एफएम रेडियोहरुको हकमा नयाँ इजाजतपत्र लिइरहनु पर्ने छैन ।

५. **इजाजतपत्रको लागि निवेदन दिनु पर्ने** : (१) एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा सम्वन्धित स्थानीय तहमा समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने ईजाजतपत्र अनुसूची-२ को ढाँचामा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

६. **निवेदनसाथ संलग्न गर्नुपर्ने:** दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछः

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) निवेदन दस्तुर गाउँसभाले (तोके अनुरुपको रकम) बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको विवरण ।

(घ) एफ एम रेडियो दर्ता र नवीकरणको लागि आवश्यक कागजातहरु अनुसूची–१ र नवीकरणको लागि अनुसूची–२ बमोजिम कागजातहरु अनिवार्य समावेश गर्नुपर्ने छ ।

७. **इजाजतपत्र दिन सकिने :** (१) गाउँपालिकाले दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखिपठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखिपठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखिआएमा गाउँपालिकाले निवेदकलाई इजाजतपत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिनुपूर्व गाउँपालिकाले रेडियो उपकरणहरु (एफ एम ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि. रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरु (एफ एम ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची–६, ७, र ८ बमोजिम कागजातहरु अनिवार्य समावेश गर्नुपर्ने छ ।

(५) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

८. **इजाजतपत्रको अवधि र नवीकरण दस्तुर:** (१) एफ.एम रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुँदै गाउँसभाले तोके अनुसारको बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्षको शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची–३ बमोजिमको ढाँचामा सूचना शाखामा निवेदन दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा गाउँ कार्यपालिकाको कार्यालयले इजाजतपत्र दिंदा लाग्ने दस्तुरको गाउँसभाले तोके बमोजिम शुल्क लिई त्यस्तो इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

(४) दफा (२) बमोजिमको म्याद भुक्तान भएपछि १ वर्षभित्रसम्म इजाजतपत्र नवीकरण गर्न आएमा गाउँसभाले तोके बमोजिम जरिवाना र विलम्व दस्तुर समेत लिई इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ। म्याद भुक्तान भएको १ वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(७) एफ.एम रेडियो दर्ता, तथा नवीकरण शुल्क सम्वन्धित स्थानीय तहको नगर तथा गाउँसभाले तोके बमोजिम हुनेछ ।

९. **दस्तुर तिर्नु पर्ने** : (१) एफ.एम रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले स्थानीय तहको गाउँसभाले तोके बमोजिम शुल्क तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा गाउँपालिकाले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) विज्ञापनमा रोक लगाउन,

(ख) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न ।

१०. **प्रसारणमा रोक लगाउन सकिने**: गाउँपालिकाले कुनै एफएम रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबीन गर्दा देहाय बमोजिम भएको देखिएमा बढीमा ३ महिनाको लागि त्यस्तो एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछः

(क) निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको र त्यसरी मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा

(ख) समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्ने शव्द हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

११. **इजाजतपत्र रद्द गर्न सकिने**: तोकिएको शर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति  वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

१२. **एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिः** (१) प्रत्येक स्थानीय तहमा निम्नानुसारका एक एफ.एम रेडियो समन्वय तथा अनुगमन समिति रहने छः

क) गाँउपालिकाको अध्यक्ष - संयोजक

ख) सम्वन्धित गाउँपालिकाको कार्यकारी अधिकृत - सदस्य

ग) कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना महिला सहित २ जना - सदस्य
(सम्भव भएसम्म विषयबस्तुमा ज्ञान भएको)

ङ) सम्वन्धित विषयगत शाखाको शाखा प्रमूख- सदस्य सचिव

१३. **एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार**: एफएम रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

क) स्थानीय तहमा दर्ता हुन आएका १०० वाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्वन्धमा आवश्यक निर्णय गर्ने ।

ख) स्थानीय तहमा सञ्चालित एफ.एम. रेडियोहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने ।

ग) स्थानीय तहमा एफ.एम रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने ।

घ) आवश्यक देखेको अन्य कार्यहरु गर्ने ।

**१४. <u>एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रिया:</u>** (१) एफएम रेडीयो समन्वय तथा अनुगमन समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

(२) समितिको बैठक भत्ता सभाबाट तोकिए बमोजिम हुनेछ ।

**१५. <u>एफ.एम रेडियोले पालना गनुपर्ने शर्तहरु</u>**: यस कानून बमोजिम दर्ता भै सञ्चालनमा रहेका एफ एम रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरुको अधीनमा रही कार्यक्रम प्रसारण गर्नुपर्नेछः

क) एफ .एम रेडियोले प्रशारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा सत्य समाचारको रुपमा कार्यक्रम प्रशारण गर्नुपर्नेछ ।

ख) लोक कल्याणकारी समाचारहरुको प्रशारणमा ध्यानदिनु पर्नेछ ।

ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसाबमा प्रशारण गर्नुपर्ने हुन्छ ।

घ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन ।

ङ) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नु पर्नेछ ।

च) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनु पर्ने ।

छ) यो कार्यविधि लागू हुनु पूर्व सूचना तथा संचार मन्त्रालयबाट राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० वाट सम्मका एफ. एम. को ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम जारी भएको मानिने छ ।

(ज) आपत्कालीन वा विपद्को समयमा गाउँ कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू नि:शुल्क प्रसारण गर्नु पर्ने ।

झ) युद्ध वा संकटकालीन समय आई परेमा गाउँ कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नु पर्ने ।

(ञ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्ने

ट) प्रचलित ऐन कानुनको पूर्णरुपमा परिपालना गर्नु पर्नेछ ।

**१६. <u>प्रशारण गर्न नहुने</u>** : एफएम रेडियोहरुले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्ने छैन :

(क) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने ।

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने ।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(ङ) अदालतको अवहेलना हुने

(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू ।

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।

(ज) संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही गाउँसभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

**१७. <u>कार्यक्रम प्रशारण प्रारम्भ गर्नु पर्ने</u>** : (१) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले ६ महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै सम्वन्धित स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा गाँउ कार्यपालिकाले अवधि थप गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१८. विवरण संशोधन गर्न सक्ने**: (१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा गाउँसभाले तोके बमोजिम दस्तुर सहित अनुसूची-५ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकामा समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा गाउँ कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**१९. इजाजतपत्रको प्रतिलिपि** : (१) यस कानून बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपी माग गरेमा गाउँपालिकाले तोकेको रुपैयाँ दस्तुर लिइ नक्कल दिनुपर्नेछ ।

**२०. विवरण वदल्न सक्ने:**

(१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा गाउँसभाले तोके बमोजिम दस्तुर सहित अनुसूची-३ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकामा समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा गाउँ कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**२१. नियमन गर्न सक्ने**: (१) इजाजतपत्र उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्नेछ । साथै निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा इजाजतपत्र उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा १ महिना समय उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा वा समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्न सक्नेछ। तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ।

**२२. दण्ड जरीवाना**: (१) यस कानून विपरित गर्नेलाई कार्यपालिकाले एफ एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा तोकिएको रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जरीवाना गर्नुपूर्व त्यस्तो एफ.एम.रेडीयो सञ्चालकलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्नेछ।

**२३. पुनरावेदन**: कार्यपालिकाले दफा २१ बमोजिम गरेको जरीवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ।

**२४. अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्ने**: कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गन गर्नु पर्ने भएमा स्थानीय तह एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा गाउँसभाले गर्नेछ।

**२५. कार्यविधिको व्याख्या तथा संशोधन**

कार्यविधिको संशोधन गर्नु पर्ने भएमा स्थानीय तह एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले गाउँसभामा पेश गरी संशोधन गर्नुपर्ने छ।

## अनुसुचि – १

## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४

## को

## दफा ५.१ सँग सम्वन्धित

ईन्द्रावती गाँउपालिकामा एफ. एम. रेडियो इजाजतपत्रका स्वीकृत लागि दिइने निवेदन

श्री ............................

एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को दफा ३ (५) बमोजिम एफ.एम रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,

(क) स्थायी ठेगाना -

जिल्ला :-

.....................पालिका कार्यालय

वडा नं. :-

गाउँ । टोल :-

फोन नं. :-

घर नं :-

फ्याक्स नं :-

नागरिकता लिएको जिल्ला

(ख) अस्थायी ठेगाना -

जिल्ला :-

वडा नं. :-

गाउँ । टोल :-

फोन नं. :-

घर नं :-

फ्याक्स नं :-

इमेल ठेगाना :-

नागरिकता नं र नागरिकता लिएको मिति :-

२. संस्था वा व्यक्तिको

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)

(ग) अनुभव :-

(घ) प्राविधिक दक्षता :-

३. प्रसारण गरिने स्थान :-

४. प्रसारण हुने क्षेत्रः-

५. प्रसारण शुरु हुने मिति :-

६. प्रसारणको माध्यम :-

७. प्रसारणको क्षमता :-

८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :-

९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :-

१०. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः-

११. प्रसारणमा प्रयोग हुने भाषा :-

१२. प्रसारणको समयावधि :-

१३. प्रसारण गरिने कार्यक्रमहरू :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :-

नाम :-

मिति :-

# अनुसुचि – २

# एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को

## दफा ५.२ सँग सम्वन्धित

ईन्द्रावती गाँउपालिकामा एफ. एम. रेडियो इजाजतपत्र

इजाजतपत्र नं. :-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
|---|---|
| जिल्ला :- | जिल्ला :- |
| नगरपालिका /गाउँपालिका | नगरपालिका/गाउँपालिका |
| वडा नं. :- | वडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :- (ख) बैण्ड :-

(ग) च्यानेल :- (घ) ट्रान्समिटर :-

(ङ) एण्टेना :-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. इजाजतपत्र बहाल रहने मिति :-

१४. अन्य शर्तहरू :-

(क)

(ख)

(ग)

| | |
|---|---|
| कार्यालयको छाप | इजाजतपत्र दिने अधिकारीको :- |
| | सही : |
| मिति :- | नाम :- |
| | दर्जा :- |
| | कार्यालय :- |

# <u>अनुसूची – ३</u>
# एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को
# दफा ८ सँग सम्वन्धित

ईन्द्रावती गाँउपालिकामा एफ. एम. रेडियो इजाजतपत्रका नवीकरणको लागि दिइने निवेदन

**श्री ............................**

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं...... आ.व.........................को लागि  नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं.....) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौ ।

<u>निवेदक</u>

...................

<u>संलग्न</u>

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

# अनुसुचि – ४

# एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को

# दफा ८ सँग सम्वन्धित

ईन्द्रावती गाँउपालिकामा एफ. एम. रेडियो इजाजतपत्रका नवीकरण

इजाजतपत्र नं. :-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी ठेगाना -
जिल्ला :-
नगरपालिका ⁄ गाउँपालिका
वडा नं. :-
गाउँ । टोल :-
फोन नं. :-

(ख) अस्थायी ठेगाना -
जिल्ला :-
नगरपालिका ⁄ गाउँपालिका
वडा नं. :-
गाउँ । टोल :-
फोन नं. :-

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :- (ख) बैण्ड :-

(ग) च्यानेल :- (घ) ट्रान्समिटर :-

(ङ) एण्टेना :-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. इजाजतपत्र बहाल रहने मिति :-

१४. अन्य शर्तहरू :-

(क)

(ख)

(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको :-

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची– ५
## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४
## को
## दफा ७ सँग सम्वन्धित

स्याटेलाइट रिसिभि· सिष्टम । स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्तः

श्री ...............

स्याटेलाइट रिसिभि· सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभि· सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :-

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः-

(क) निर्माताको नामः-

(ख) मोडेल नं.ः-

(ग) सिरियल नं.ः-

(घ) साइज र अन्य विवरणः-

(ङ) एण्टेना सम्बन्धी विवरणः-

३. प्रयोग गरिने ठाउ“ः-

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज । प्रयोग गर्ने फ्रिक्वेन्सीः-

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः-

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको होः-

७. प्रयोगः-

(क) व्यक्तिगतः-

(ख) सामुहिकः-

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएको:-

(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)

१०. आयात गरिने देशको नाम:-

११. आयात हुने भन्सार कार्यालयको नाम:-

दरखास्तवालाको

सही:-

नाम:-

ठेगाना:-

मिति:-

# <u>अनुसुचि – ६</u>

## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को दफा ७ सँग सम्वन्धित

## एफ एम ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि दरखास्त

श्री....................,

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा

इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :-

२. प्रयोग गर्ने स्थान :-

३. प्रयोग गरिने फ्रिक्वेन्सी :-

४. प्रयोग गर्ने अनुमानित मिति :-

५. रेडियो यन्त्रको विवरण :-

(क) निर्माता :-

(ख) मोडेल नं. :-

(ग) सिरियल नं. आदि :-

६. स्टेशनको प्रकार :-

७. प्रयोग गरिने प्रणालीको प्रकार :-

८. प्रयोग गरिने समय :-

९. अन्य विवरण:-

(क)

(ख)

(ग) दरखास्तवालाको

सही:-
नाम:-
ठेगाना:-
मिति:-

# अनुसूची – ७

एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४

को

दफा ७ सँग सम्वन्धित

स्याटेलाइट रिसिभिंग सिष्टमको लाइसेन्सको नमूना

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिंग सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. जडान हुने स्थान :-

५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरण :-

   (क) निर्माताको नाम :-

   (ख) मोडेल नं. :-

   (ग) साइज र अन्य विवरण :-

   (घ) एण्टेनाको विवरण :-

६. इनपुट फ्रिक्वेन्सी रेन्ज । प्रयोग गरिने फ्रिक्वेन्सीः-

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्ने :-

८. प्रयोग :-

   (क) व्यक्तिगतः-

   (ख) सामूहिकः-

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नाम :-

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः-

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नु पर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप लाइसेन्स दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः- मिति-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
| --- | --- | --- | --- |
| | | | |

# अनुसूची – ८
## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४
## को
## दफा ७ सँग सम्वन्धित

एफ.एम ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. प ्योग गरिने स्थान :-

५. प्रयोगको उद्देश्य :-

६. प्रयोग गर्ने स्थान :-

७. प्रयोग गरिने फ्रिक्वेन्सी :-

८. रेडियो यन्त्रको विवरण :-

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति :-

१०. स्टेशनको प्रकार :-

११. प्रयोग गरिने प्रणाली :-

१२. प्रयोग गरिने समय :-

१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क)

(ख)

(ग)

कार्यालयको छाप :- लाइसेन्स दिने अधिकारीको

सही:-

नाम:-

दर्जा:-

मिति:-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

# <u>अनुसूची– ९</u>

## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को

## दफा २० सँग सम्वन्धित

स्थानीय तहमा एफ. एम. रेडियो इजाजतपत्रको विवरण बदल्न दिईने निवेदनको ढाँचा

श्री ............................

मैले/हामीले मिति .................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... मा देहाय बमोजिमको विवरण वदल्न चाहेकोले संलग्न अनुसारको कागजातहरु सहित श्री.................समक्ष अनुरोध अनुरोध गर्दछु/गर्दछौं ।

<u>निवेदक</u>

..................

<u>बदल्न चाहेको विवरण</u>

क)

ख)

ग)

**<u>संलग्न</u>**

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

प्रमाणिकरण मितिः २०७४/०६/२६

**आज्ञाले,**
**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**

# उपभोक्ता समिति व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४

**प्रस्तावना :**

यस गाउँपालिका क्षेत्रभित्र गरिने पूर्वाधार विकास निर्माण, सामाजिक विकास लगायतका अन्य कार्यहरु उपभोक्ता समितिद्वारा गराउँदा सवै वर्ग र क्षेत्रमा विशेष गरी गरीब, महिला, बालबालिका, सामाजिक एवं आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी श्रोत साधनको उपयुक्त ढंङ्गले परिचालन गर्दै सन्तुलित र समान तवरबाट सहज र सरल रुपमा सेवा सुविधा उपलब्ध गराउन एवं पूर्वाधार विकास निर्माण, सामाजिक विकास लगायतका अन्य कार्यहरुलाई मितव्ययी, सहभागितामूलक, पारदर्शि, उत्तरदायी, समावेशी, न्यायोचित, दिगो र गुणस्तरयुक्त गराउँदै गरीबि न्यूनीकरण र दिगो विकासका लागि श्रोत र साधनलाई व्यवस्थित गरी संचालन गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाँउ कार्यपालिकाको मिति २०७४/०६/२६ को निर्णयबाट यो कार्यविधि जारी गरी लागू गरिएको छ ।

## भाग - १
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>**

(१) यस कार्यविधिको नाम “उपभोक्ता समिति व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “गाउँपालिका” भन्नाले ईन्द्रावती गाउँपालिका सम्झनु पर्छ ।

(ख) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) “योजना” भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ ।

(घ) “उपभोक्ता समिति” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत संभार गर्नका लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति

सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।

(ङ) "सार्वजनिक परीक्षण" भन्नाले योजना तथा कार्यक्रमहरु सम्पन्न भएपछि फरफारक गर्नु पूर्व योजना तथा कार्यक्रममा भएको लगानीको सरोकारवालाले गर्ने लेखाजोखा सम्झनुपर्छ ।

(च) "गैर सरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनार्थ प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँपालिकाको गाउँसभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्य संचालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ ।

(छ) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ ।

(ज) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला, बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाती, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडावर्ग) तथा नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनुपर्छ ।

(झ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पु-याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर, रोलर, लोडर आदि) जस्ता श्रमलाई विस्तापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्य :**

(क) गाउँपालिकाको सवै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी, र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धतिको निर्माण गर्न सघाउ पु-याउने,

(ख) स्थानीय स्तरमा रोजगारी र आय वृद्धिबाट जीवनस्तरमा सुधार तथा रहनसहनमा सकारात्मक परिवर्तन ल्याई गरीबी निवारणको लक्ष्य पूर्तिमा सहयोग पु-याउने,

(ग) निश्चित प्रक्रिया बमोजिम गठित उपभोक्ता समितिलाई आफूले गर्ने र गरेका आयोजना प्रति जिम्मेवारी एवं उत्तरदायी बनाउने,

(घ) सिमित स्रोत र साधनको परिचालन मार्फत अधिकतम लाभ प्राप्त गरी सो को न्यायोचित वितरणमा सघाउ पु-याउने, र

(ङ) स्थानीय स्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने ।

४. **कार्यविधिको कार्यक्षेत्र :** गाउँपालिका क्षेत्रभित्र उपभोक्ता समिति मार्फत कार्यान्वयन तथा संचालन गरिने आयोजनाहरुलाई व्यवस्थित बनाई नतिजामूखी बनाउनु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

# भाग - २

## योजना व्यवस्थापन तथा संचालन

५. **उपभोक्ता समिति सम्बन्धी व्यवस्था :** उपभोक्ता समिति गठन गर्दा देहाय बमोजिमका प्रावधानहरु पलना गर्नुपर्नेछ ।

(क) उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन र संचालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमा नै ७ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ख) उपभोक्ता समितिका सदस्यहरुमा ३३ प्रतिशत महिला हुनुपर्नेछ । साथै समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । लाभान्वित समूहमा लक्षित वर्ग वा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरुको समेत प्रतिनिधित्व हुनुपर्नेछ ।

(ग) स्थानीय तहका निर्वाचित बहालवाला पदाधिकारी, स्थानीय तहको सर्वदलीय संयन्त्रमा भागलिने राजनीतिक दलका प्रतिनिधिहरु, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् । साथै एकै समयमा एक जना व्यक्ति एक भन्दाबढी समितिको सदस्य हुन र एक घरपरिवारबाट एकजना भन्दा बढी सदस्य हुन पाइनेछैन ।

(घ) उपभोक्ता समिति गठन गर्दा गाउँपालिकाको वडा अध्यक्ष वा वडा सचिवको रोहवरमा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा चुनावी प्रक्रिया अवलम्वन गरी बहुमतीय प्रणालीबाट गठन गर्न सकिनेछ ।

(च) उपभोक्ता समितिद्वारा संचालन हुने आयोजनाको कार्यान्वयनमा नियमित सहजीकरण तथा अनुगमन गरी

आयोजनालाई चुस्तदुरुस्त, पारदर्शी, प्रभावकारी र अधिकतम लाभदायी बनाउन मद्दत गर्न वडा स्तरीय दफा (१२) र (१४) बमोजिमको **गाउँपालिका/वडा स्तरीय सुपरीवेक्षण एवं अनुगमन समिति गठन** गरिनेछ र अन्तिम भुक्तानी एवं फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिस लिनुपर्नेछ ।

(छ) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन व्यवस्थापन/उपभोक्ता समिति, सहकारी संस्थाहरु, आमा समूह, कृषि समूह, विद्यालय व्यवस्थापन समिति, सामुदायिक संगठन आदि) कार्यक्रम/आयोजना संचालन गर्न इच्छुक भएमा छुटै उपभोक्ता समिति गठन नगरी त्यस्ता समूह मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ ।

(ज) उपभोक्ता समिति मार्फत संचालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ। साथै लोडर, बुलडोजर, एक्साभेटर, रोलर, ग्रेडर, विटुमिन डिष्ट्रिव्युटर, विटुमिन व्याईलर जस्ता ठूला मेशीनरी औजारको प्रयोग गर्न पाईनेछैन ।

(झ) श्रममूलक तवरबाट काम कुन नसकी मेशिनरी उपकरणको प्रयोग गर्नुपर्ने भएमा गरिने कामको नर्म्स तथा लागत अनुमान स्वीकृत गरी स-साना मेशिनरी उपकरणको प्रयोग गर्न सकिनेछ। तर श्रममूलक तवरबाट कार्य गराउने गरी लागत अनुमान तयार गरी मेशिनरी उपकरणको प्रयोगद्वारा कार्य गराइएको पाइएमा तत्कालै आवश्यक कारवाही गरी भुक्तानी रकम अशुल उपर गर्ने र सोको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(ञ) उपभोक्ता समितिले संचालन गर्ने गरी सम्झौता भएको कार्यक्रम/आयोजना उपभोक्ता समिति स्वयमले कार्यान्वयन नगरी कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाकबाट कार्यान्वयन गर्न गराउन पाइनेछैन । त्यसरी दिएको पाईएमा समितिसँगको सम्झौता रद्ध गरी बैकल्पिक माध्यमबाट कार्यान्वयन गराउन सकिनेछ ।

(ट) उपभोक्ता समितिको गठन र यसको बैठकको निर्णयहरुको अभिलेख अध्यक्षबाट प्रमाणित गराई उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

(ठ) गाउँपालिकाले कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय/संघ-संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सक्नेछ ।

(ड) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरीत उपभोक्ता/अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने व्यक्ति/संस्थालाई समेत आवश्यक कारवाही गर्न सक्नेछ ।

(ढ) उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा वा खण्ड (ञ) बमोजिम निर्माण व्यवसायी वा सव-कन्ट्याक्टरबाट कार्यान्वयन गरेको पाइएमा गाउँपालिकाले छानविन गरी उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

(ण) उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरुको कार्यसम्पन्न भए पश्चात गाउँपालिकाले साको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नेछ ।

६. **योजना सम्झौता सम्बन्धी व्यवस्था :** गाउँपालिका र उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाबीच योजना कार्यान्वयन तथा संचालन गर्दा अनुसूची- १ मा तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

७. **योजना तथा कार्यक्रम सम्झौता सेवा शुल्क** : गाउँपालिका वा सम्बन्धित वडामा उपभोक्ता समितिद्वारा कार्यान्वयन तथा संचालनत हुने आयोजनाहरुको गाउँपालिका/वडाले गाउँसभाबाट स्वीकृत गरे बमोजिमको योजना तथा कार्यक्रम सम्झौता सेवा शुल्क लिई उपभोक्ता समितिसँग योजना तथा कार्यक्रम सम्झौता गर्नुपर्नेछ ।

८. **उपभोक्ता समितिको खाता सम्बन्धी व्यवस्था :** (१) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले रु ५० हजार भन्दा माथिको आर्थिक कारोवार गर्दा वा भुक्तानी दिंदा अनिवार्य रुपमा बैंक/वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ। खाता संचालकहरुको तीनपुस्ते खुलाई आयोजना खाता र गाउँपालिकामा अभिलेख राख्नुपर्नेछ।

९. **सूचना पाटी सम्बन्धी व्यवस्था** : रु ३ लाख वा सो भन्दा बढी लागत अनुमान भएका कार्यक्रम /आयोजनाहरुको सूचना पाटी अनुसूची-२ बमोजिमको ढाँचामा निर्माण गरी वा बनाई सर्वसाधरणले देख्ने गरी योजना स्थलमा राख्नु पर्नेछ।

१०. **सार्वजनिक परीक्षण** : (१) आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनाको अनुसूची-३ बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्नेछ । सार्वजनिक परीक्षणमा अनिबार्य रुपमा सो क्षेत्रका जनप्रतिनिधि समावेश गर्नुपर्नेछ। सार्वजनिक परीक्षण गरी सो को फोटो नगरपालिकामा पेश नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईनेछैन।

(२) दफा १० (१) सँग सम्बन्धित सार्वजनिक परीक्षणका लागि उपभोक्ता समिति/सामुदायिक संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा विवरण तयार गर्नुपर्नेछ।

११. **आयोजनाको जाँचपास, फरफारक सम्बन्धी व्यवस्था** : (१) आयोजना संचालन गर्ने निकाय, संस्था वा व्यक्तिले आफूले संचालन गरेका आयोजना सम्पन्न भएपछि जाँचपास वा फरफारक गर्न गाउँपालिकामा प्रतिवेदन दिनुपर्नेछ।

(२) खण्ड (१) बमोजिम प्राप्त प्रतिवेदन पश्चात गाउँपालिकाले भौतिक पूर्वाधार आयोजनाको हकमा (सडक, भवन, सिंचाई, खानेपानी, कुलो, नहर आदि जस्ता निर्माण प्रकृतिका आयोजना) प्रतिवेदन प्राप्त भएको पन्ध्र दिनभित्र त्यस्तो आयोजनाको जाँजपास वा फरफारक गर्नु गराउनु पर्नेछ।

(३) खण्ड (२) मा उल्लेख भएका बाहेक जनचेतना अभिवृद्धि गर्ने प्रकृतिका तालीम, गोष्ठि, सेमिनार, अध्ययन-भ्रमण, प्रचार प्रसार आदि जस्ता कार्यक्रम संचालन गर्ने निकाय, संस्था वा व्यक्तिले आफूले संचालन गरेका कार्यक्रमको उद्देश्य, भौतिक र वित्तीय प्रगति लगायतका कुरा खुल्ने प्रतिवेदन प्राप्त भएकोमा गाउँपालिकाले सम्झौता बमोजिम त्यस्ता कार्यक्रम सम्पन्न भए वा नभएको हेरी फरफारक गर्नु पर्नेछ । त्यस्तो फरफारक गाउँपालिकामा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गरिसक्नु पर्नेछ।

# भाग - ३

## अनुगमन, प्रतिवेदन र जिम्मेवारी

१२. **वडा स्तरीय सुपरीवेक्षण तथा अनुगमन समिति :** (१) गाउँपालिका क्षेत्रभित्र संचालन तथा कार्यान्वयन गरिने आयोजना एवं कार्यक्रमको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्न देहाय बमोजिमको एक सुपरीवेक्षण तथा अनुगमन समिति गठन गरिनेछ।

तपसिल :

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाले तोकेको सम्बन्धित वडाको वडा सदस्य - सदस्य

(ग) अ.स.ई./सव-इञ्जिनियर/इञ्जिनियर - सदस्य

(घ) सम्बन्धित वडाका सामाजिक व्यक्तित्व/वडा महिला सदस्य - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

१३. **गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समिति :** (१) गाउँपालिका स्तरका उपभोक्ता समिति/समुदायिक संस्था तथा गैर सरकारी संघसंस्था वा टेण्डरबाट संचालन गरिने आयोजना तथा कार्यक्रमहरुको सुपरीवेक्षण तथा अनुगमन गर्न देहाय बमोजिमको एक गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समिति गठन गरिनेछ।

तपसिल :

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) कार्यकारी अधिकृत - सदस्य

(ग) सव-इञ्जिनियर/इञ्जिनियर - सदस्य

(घ) योजना शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

१४ **गाउँपालिका/वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन :** गाउँपालिका वा वडा स्तरमा उपभोक्ता समिति वा अन्य निकायबाट कार्यान्वयन तथा संचालन हुने योजनाको दफा (१२) र (१३) बमोजिमको समितिले अनुसूची-५ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ।

१५. **आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन :** आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-६ को ढाँचामा

सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

१६. **वडा अध्यक्षको जिम्मेवारी :** गाउँपालिकाका वडाहरुमा कार्यान्वयन तथा संचालन हुने वा भएका आयोजना, कार्यक्रमहरुको शुरुवात देखिनै सम्बन्धित वडाका वडा अध्यक्षले नियमित रुपमा अनुगमन, सुपरीवेक्षण गर्ने र त्यस्ता आयोजना, कार्यक्रमको सार्वजनिक परीक्षण गरे पश्चात सिलसिलेवार प्रक्रिया पुरा भए वा नभएको हेरी गाउँपालिकामा आयोजना सम्पन्नको सिफारिस गर्नुपर्नेछ ।

१७. **अभिलेखिकरण :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आयोजना संचालन तथा कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवं गैर सरकारी संघ संस्थाको अनुसूची-७ बमोजिम अभिलेखिकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ ।

## भाग - ४

## विविध

१८. **अभिमुखीकरण सम्बन्धी व्यवस्था :** गाउँपालिकाले गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय एवं विषयगत शाखा वा कार्यालयका कर्मचारी, सरोकारवाला अन्य संघ संस्थाका प्रतिनिधिहरुलाई यस कार्यविधिका मुख्य मुख्य प्रावधानका बारेमा अभिमुखीकरण गर्नेछ ।

१९. **थपघट र हेरफेर :** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा व्यस्तो बाधा अडचन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

२०. **खारेजी र बचाउ :** यस कार्यविधिका प्रावधानहरुलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनु भन्दा अघि गाउँसभाबाट स्वीकृत भएका कार्यक्रम र वजेटलाई साही अनुसार कार्यान्वयन तथा संचालन गर्न यस कार्यविधिले बाधा पु-याएको मानिने छैन । तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

**अनुसूची - १**

**ईन्द्रावती गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

**ईन्द्रावती गाउँपालिका र उपभोक्ता समिति/समूदायमा आधारित संस्था/गैरसरकारी संस्थाबीच गरिने योजना सम्झौता फाराम**

**१. सम्झौता गर्ने पक्ष र आयोजना :**

**(क) उपभोक्ता समिति/समूदायमा आधारित संस्था/गैरसरकारी संस्थाको विवरण :**

**सम्झौता गर्ने संस्थाको प्रतिनिधिको :**

**१. नाम, थर :**

**२. पद :**

**३. ठेगाना :**

**(ख) आयोजनाको विवरण :**

**१. नाम :**

**२. ठेगाना :**

**३. उद्देश्य :**

**४. आयोजना स्वीकृत गर्ने निकाय :**

**५. आयोजना शुरु हुने मिति :**

**६. आयोजना सम्पन्न हुने मिति :**

**२. आयोजना लागत सम्बन्धी विवरण :**

**(क) आयोजनाको अनुमान लागत : रु**

**(ख) लागत व्यहोर्ने स्रोतहरु**

**१. नेपाल सरकार : रु**

**२. सम्बन्धीत गाउँपालिकाबाट : रु**

**३. अन्य स्थानीय तहबाट : रु**

**४. गैरसरकारी संघसंस्थाबाट : रु**

**५. समुदायमा आधारित संस्थाबाट : रु**

**६. विदेशी दातृ संघसंस्थाबाट : रु**

**७. उपभोक्ता समितिबाट : रु**

**८. अन्यबाट : रु**

**जम्मा : रु**

(ग) निर्माण सामाग्रीको विवरण :

| क्र.स. | परिमाण | सामाग्रीको नाम | एकाई |
|---|---|---|---|
| १. | विषयगत शाखाबाट | | |
| २. | सम्बन्धीत गाउँपालिकाबाट | | |
| ३. | अन्य स्थानीय तहबाट | | |
| ४. | गैरसरकारी संघसंस्थाबाट | | |
| ५. | समुदायमा आधारित संस्थाबाट | | |
| ६. | विदेशी दातृ संघसंस्थाबाट | | |
| ७. | उपभोक्ता समितिबाट | | |
| ८. | अन्यबाट | | |

(घ) योजनाबाट लाभान्वित हुने :

१. घरपरिवार संख्या :

२. जनसंख्या :

३. समुदाय :

४. अन्य समुदायमा आधारित गैरसरकारी संस्था :

३. उपभोक्ता समिति/गैरसरकारी संस्था/समुदायमा आधारित संस्था सम्बन्धी विवरण :

(क) गठन भएको मिति :

(ख) पदाधिकारीहरुको नाम, थर र ठेगाना :

१. अध्यक्ष :

२. उपाध्यक्ष :

३. कोषाध्यक्ष :

४. सदस्य :

५. सदस्य :

६. सदस्य :

७. सदस्य :

८. सदस्य :

९. सदस्य :

१०. सदस्य :

११. सदस्य :

(ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

(घ) गठन गर्दा अनुपस्थित लाभान्वितको संख्या :

४. आयोजना गठन सम्बन्धि अनुभव :

५. उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरण :

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निर्माण सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोस्रो | | | | | |
| तेस्रो | | | | | |
| जम्मा | | | | | |

६. आयोजनाको मर्मत सम्भार व्यहोर्ने व्यवस्था (मासिक, चौमासिक, वार्षिक स्रोत)

(क) मर्मत संभारको जिम्मा लिने समिति/संस्थाको नाम :

(ख) जनश्रमदान (श्रमशक्ति संख्या) :

(ग) सेवा शुल्कबाट : रु

(घ) दस्तुर, चन्दाबाट : रु

(ङ) लागत सहभागिता वा अनुदानबाट : रु

(च) ब्याज वा अन्य बचतबाट : रु

७. अन्य (प्राविधिक र व्यवस्थापन सम्बन्धी) विवरण :

(क) (ख) (ग)

सम्झौताका शर्तहरु :

१. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं ।
२. आयोजना सम्पन्न भएपछि सम्बन्धित गाउँपालिकाबाट जाँचपास गरी फरफारक लिनेछौं ।
३. आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी उपभोक्ता समूहलाई गराई /छलफर गरी अर्को किस्ता माग गर्नेछौं ।
४. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण अभिलेख आदि तयार राख्नेछौं ।
५. आयोजनाको मुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन/दिन सहमत छौं ।

६. आयोजना संचालन गर्ने निकायले आयोजनाको मर्मत सम्भारको पनि व्यवस्था गर्नेछौं ।

७. आयोजना मिति ...................................... देखि शुरु गरी मिति ............................... सम्म पुरा गर्ने गराउनेछौं ।

८. अन्य शर्तहरु

(क)

(ख)

(ग)

(घ)

९. उपयुक्त बमोजिम गर्न हामी मञ्जुर छौं ।

| | |
|---|---|
| गाउँपालिकाको तर्फबाट | आयोजना संचालन गर्नेको तर्फबाट |
| नाम, थर : | अध्यक्षको नाम, थर : |
| पद/दर्जा : | दस्तखत : |
| दस्तखत : | सचिवको नाम, थर : |
| | दस्तखत |

इति सम्वत २०७..... साल .................. गते रोज ...... शुभम् ।

## अनुसूची -२

## कार्यविधिको दफा ९ सँग सम्बन्धित

## सूचना पार्टीको नमुना

| | |
|---|---|
| **ईन्द्रावती गाउँपालिका**<br>**गाउँ कार्यपालिकाको कार्यालय**<br>नवलपुर, सिन्धुपाल्चोक | |
| **आयोजनाको नाम :**<br>**वडा नं. :**<br>**गाउँपालिका :**<br>**उ.स.को नाम**<br>**उ.स. अध्यक्षको नाम :**<br>**जम्मा सदस्य संख्या :**<br>**महिला सदस्य संख्या :**<br>**आयोजना सुरु हुने मिति :** | **बजेट /श्रोत**<br>**१. गाउँपालिका :**<br>**२. अन्य :**<br>**क. जनश्रमदान**<br>**ख. जिन्सी सहयोग**<br>**ग. प्राविधिक सहयोग**<br>**घ. निजि क्षेत्र सहयोग**<br>**ङ. अन्य निकाय (नाम उल्लेख गर्ने) सहयोग**<br>**४. कुल लागत :** |
| **आयोजना सम्पन्न हुने मिति :** | **आयोजना सम्पन्न भएको मिति :** |

(पुनश्च : उपरोक्त नमुना अनुसारको विवरण आयोजना स्थलमा सबै स्पष्ट देख्ने गरी राख्नु पर्नेछ ।)

## अनुसूची - ३
## (कार्यविधिको दफा १० सँग सम्बन्धित)
## सार्वजनिक परीक्षणको फारम

मिति : २० / /

श्री ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय,
नवलपुर, सिन्धुपाल्चोक ।

**खर्च सार्वजनिक सुचना फारम ।**

१. आयोजनाको नाम : २. आयोजनाको स्थल :

३. विनियोजित बजेट : ४. आयोजना स्वीकृत भएको आ.व.:

५. आयोजना सम्झौता भएको मिति :

६. काम सम्पन्न गर्नुपर्ने मिति :

७. काम सम्पन्न भएको मिति :

८. उ.स.को बैठकले खर्च स्वीकृत गरेको मिति :

**खर्च विवरण**

**(अ) अनुदानतर्फ**

**(क) निर्माण सामाग्री (आयत गर्नुपर्ने सामान):**

१.

२.

३.

४.

**ख) कामदार विवरण :**

१. सिपालु दिन सख्या :

२. ज्यामी दिन सख्या :

**ग) ढुवानी विवरण :**

१. ट्रक/ट्रैक्टर भाडा :

२. मानिसद्वारा ढुवानी :

**घ) मेशिन तथा औजार :**

१.

२.

**(आ) श्रमदानतर्फ**

**(क) निर्माण सामाग्री (स्थानिय सामाग्री) :**

१.

२

३.

४.

**ख) कामदार विवरण :**

१. सिपालु दिन सख्या :

२. ज्यामी दिन सख्या :

**ग) ढुवानी विवरण :**

१. ट्रक/ट्रैक्टर भाडा :

२. मानिसद्वारा ढुवानी :

**घ) मेशिन तथा औजार :**

१.

२.

**खर्च सार्वजनिक समयको उपस्थिति :**

१. उपभोक्ता समिति/समुहका पदाधिकारीहरु २. स्थानीय सामाजिक संघ संस्थातर्फ

| | |
|---|---|
| क) | क) |
| ख) | ख) |
| ग) | ग) |
| घ) | घ) |

उपर्युक्त खर्च विवरण उपभोक्ता भेला तथा बैठकमा निर्णय गरी जानकारीको लागि तयार गरिएको व्यहोरा प्रमाणित गरिएको छ । साथै उपभोक्ता तथा सम्बन्धित गाउँपालिका /वडाका पदाधिकारी एवं स्थानिय सामाजिक संघ सस्थाको रोहवरमा सम्पन्न आयोजनाको निर्माण कार्य सम्पन्न भएको र सो आयोजनाबारे सार्वजनिक जानकारी सबै सरोकारवालाहरुलाई यस सुचना सार्वजनिक स्थलको सुचना पार्टीमा टाँस गरिएको छ ।

(द्रस्टव्य : सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थिति सरोकारवालाको उपस्थिति अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।)

............................... .................................

रोहवर नाम : नाम : ............................................

उपभोक्ता समितिको सचिव उपभोक्ता समितिको अध्यक्ष

स्थानिय तहको कर्मचारी/सामाजिक परिचालक

## अनुसुचि - ४

## कार्यबिधिको दफा १० (१) सँग सम्बन्धीत सार्बजनिक परीक्षणका लागि उपभोक्ता समिति/सामुदायिक सँस्थाले तयार गर्ने बिवरणको ढाँचा

**१. आयोजनाको**

क) नाम :-

ख) स्थल :-

ग) लागत अनुमान :-

घ) आयोजना सुरु हुने मिति :-

ङ) आयोजना सम्पन्न हुने मिति :-

**२. उपभोक्ता समिति/सामुदायिक सँस्थाको**

क) नाम :-

ख) अध्यक्षको नाम :-

ग) सदस्य संख्या महिला : पुरुष :

**३. आम्दानी खर्चको बिवरण :-**

**क) आम्दानी तर्फ**

| आम्दानीको श्रोत (कहाँ बाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |

**ख) खर्च तर्फ**

| खर्चको बिवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| खर्चको बिवरण | | | |
| १. सामाग्री (के के सामाग्री खरिद भयो ?) | | | |
| | | | |
| | | | |
| २. ज्याला (के मा कति ज्याला भुक्तानी भयो ?) | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| ३. श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| | | | |
| | | | |
| ४. व्यबस्थापन खर्च (ढुँवानी तथा अन्य खर्च) | | | |

**ग) मौज्दात**

| **विवरण** | **रकम वा परिमाण** | **कैफियत** |
|---|---|---|
| १. नगर | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २. सामाग्रीहरु | | |
| | | |

**घ) भुक्तानी दिन बाँकी**

| **विवरण** | **रकम वा परिमाण** |
|---|---|
| | |

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगथि विवरण**

| **कामको विवरण** | **लक्ष्य** | **प्रगति** |
|---|---|---|
| | | |

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (आयोजना संचालन भएको स्थलका उपभोक्ताहरु) ।

६. आयोजना संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस-कसले कस्तो-कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने)

| ........................ | ........................ | ........................ |
|---|---|---|
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

## अनुसुचि - ५
## कार्यविधिको दफा १२(२) सँग सम्बन्धित
## अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन
## ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय, नवलपुर, सिन्धुपाल्चोक

क्र.स. आयोजनाको

१. नाम र स्थान :

२. लागत अनुमान :

३. निर्माण प्रक्रिया :

क) उपभोक्ता समिति : घ) विषयगत कार्यालय :

ख) सामुदायिक संस्था : ङ) सार्वजनिक निजी साझेदारी :

ग) गैरसरकारी संस्था : च) ठेक्कापट्टा :

४. आयोजना :

क) सम्झौता मिति : ख) सम्पन्न हुने मिति :

ग) आयोजनामा संलग्न साझेदारहरुले लागत सहभागिता जनाएको वा नजनाएको (जनाएको भए प्रतिशतमा राख्ने)

५. आयोजना अनुगमन

आयोजना अनुगमन गर्दा निम्न पक्षहरुलाई ध्यान दिई अनुगमन प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

क) आर्थिक पक्ष (योजनामा प्राप्त बजेट तोकिएको उद्येश्यमा लगानी भए नभएको)

ख) भौतिक पक्ष कार्यतालिका बमोजिमको समयमा कार्य भए नभएको सुपरिवेक्षण, सहजीकरण भए नभएको :

तोकिएको लक्षित समुहमा कार्यक्रम पुगेको, नपुगेको वा तिनिहरुको सहभागिता भए नभएको :

सार्वजनिक परीक्षण, पारदर्शिता सम्बन्धि काम भए नभएको :

आयोजना कार्यक्रम प्रति आम उपभोक्ताको धारणा :

अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :

ग) बजेटबाट प्राप्त उपलब्धि बारे लेख्ने :

६. अनुगमन गर्ने

क) पदाधिकारीहरुको नाम :

ख) पद :

ग) मिति :

## अनुसूची - ६
## (कार्यविधिको दफा १३ सँग सम्बन्धित)
## उपभोक्ता समितिले गाउँपालिकामा पेश गर्नुपर्ने प्रगति विवरण

श्री ईन्द्रावती गाउँपालिकाको कार्यालय,

मिति : २०७ / /

......... नं. वडा कार्यालय ।

**विषय : प्रगति प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

त्यस ईन्द्रावती गाउँपलिका, ........ नं. वडा कार्यालय र हाम्रो बीच मिति ...................... मा भएको सम्झौताको शर्त बमोजिम हामीले गरेको देहायको आयोजनाको कार्य प्रगति प्रतिवेदन साथ आवश्यक विल, भरपाई, उपभोक्ता समुह समितिको निर्णय समेत संलग्न राखी यसै साथ पेश गरेका छौ । ....................... किस्ता भुक्तानी/जाँचपास फरफारक गरी पाउन अनुरोध गर्दछु ।

**तपशिल**

**१. आयोजनाको विवरण**

आयोजनाको नाम :

वडा नं. : टोल : बस्ती :

उपभोक्ता समुहको अध्यक्ष :

**२. आयोजनाको लागत**

प्राप्त अनुदान रकम रु. ................. चन्दा रकम रु. ...........

जनसहभागिता रकम रु. ................ जम्मा रकम रु. ..........

**३. हालसम्मको खर्च रु.**

क. स्थानिय तहबाट प्राप्त रकम :

१. निर्माण सामाग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदी) रु.

२. ज्याला :- दक्ष रु. :- अदक्ष रु. :- जम्मा रु.:-

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रु.

४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रु.

५. प्राविधिक निरीक्षण वापत खर्च (सम्झौतामा स्वीकृत भए) रु.

६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रु.

श्रमको मुल्य बराबरको रकम रु.

जिन्सी सामान बराबरको रकम रु.

कुल जम्मा रु.

४. प्राविधिक प्रतिवेदन बमोजिम मुल्याङ्कन रकम रु.

५. उपभोक्ता समुहको निर्णय बमोजिम/समिक्षा बाट खर्च भएको रु.

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :

क.

ख.

ग.

७. समाधानका उपायहरु :

क.

ख.

ग.

८. गाउँपालिका एवं अन्य निकायबाट अनुगमनको सुझाव

९. हाल माग गरेको किस्ता रकम रु.

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

| .................. | .................. | .................. | ..................... |
|---|---|---|---|
| प्रमाणित गर्ने | सचिव | कोषध्यक्ष | अध्यक्ष |

**अनुसुची - ७**

**कार्यविधिको दफा १५ सँग सम्बन्धित**

**उपभोक्ता समिति, सामुदायिक संस्था वा गैरसरकारी संस्थाको लगत**

ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय नवलपुर,

सिन्धुपाल्चोक

**उपभोक्ता समिति, सामुदायिक संस्था, गैससको नाम :**

| |
|---|
| **गठन भएको मिति :** |
| **बैंक खाता नं. :** |
| **बैंकको नाम :** |
| **पदाधिकारीको नाम, थर :** |
| **अध्यक्ष :** |
| **उपाध्यक्ष :** |
| **सचिव :** |
| **कोषाध्यक्ष :** |
| **सदस्यहरु :** |
| **सम्पर्क नं. :** |

(द्रष्टव्य : यस खातामा उपभोक्ता समिति, सामुदायिक संस्था,गैसस, निजि क्षेत्र, ठेकेदारका लागि पाना छुट्टाई अलग अलग विवरण राख्ने व्यवस्था मिलाउने ।)

प्रमाणिकरण मितिः २०७४/०६/२६

**आज्ञाले,**
**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**

# “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७४

विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रलाई सहजिकरण गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी ईन्द्रावती गाउँ कार्यपालिकाले मिति २०७४/११/२५ मा यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “घ” बर्गको निर्माण व्यबसायी ईजाजतपत्र दर्ता तथा नवीकरण सम्बन्धि कार्यविधि, २०७४ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “गाउँपालिका” भन्नाले ईन्द्रावती गाउँपालिकालाई जनाउदछ ।

(ख) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले ईन्द्रावती गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँदछ ।

(ग) “ईजाजतपत्र” भन्नाले ईन्द्रावती गाउँपालिकाले कुनै पनि कम्पनी वा फर्मलाई “घ” बर्गको निर्माण व्यबसाय गर्नलाई दिईएको ईजाजतपत्रलाई जनाउँदछ ।

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

४. **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस ईन्द्रावती

गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा प्राविधिक वा परामर्शदातावाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) उपदफा (२) अनुसारको जाँचबुझ प्रतिवेदनको अध्ययन गरी प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र उपदफा (३) बमोजिमको निर्णय वमोजिम गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(५) उपदफा (२) बमोजिमको योग्यता परिक्षणको लागि गाउँपालिकाले स्वतन्त्र प्राविधिक परामर्शदातासँग सम्झौता गर्न सक्नेछ । त्यस्तो प्राविधिक परामर्शदाताको परिक्षण प्रतिवेदनको आधारमा प्रमुख प्रशासकिय अधिकृतले निवेदकलाई ईजाजतपत्र दिने वा नदिने निर्णय गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्राविधिक परामर्शदाताको परिक्षण प्रतिवेदनको सम्पुर्ण जिम्मेवारी निज प्राविधिक परामर्शदाताकै हुनेछ । प्राविधिक परामर्शदाताले कुनै गलत तथ्यको सिफारिस गरेमा कानून बमोजिम कारबाहिको लागि गाउँपालिकाले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

**५. इजाजतपत्रको अवधि र नवीकरण :** (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम तिर्नुपर्ने

सम्पुर्ण कर तिरी सकेको प्रमाण स्वरुप करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकावाट गाउँपालिकाको आर्थिक ऐनले तोकेको हकम सोहि अनुसार र नतोकिएको अवस्थामा अनुसुची २ अनुसारको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ। यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ।

६. **इजाजतपत्रको खारेजी :** (१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा।

(घ) गाउँपालिकाले तोकेको योग्यता कायम नरहेमा।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**७. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**८. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**९. बचाउ :** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची - १
## कार्यविधिको दफा ४ को उपदफा (१) संग सम्वन्धित
## ईजाजतपत्रको लागि दिईने दरखास्त

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।
श्री ईन्द्रावती गाउँपालिकाको कार्यालय

यस ईन्द्रावती गाउँपालिकाको कार्यालयको कार्यविधि "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७४ वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-
   नाम :-
   ठेगाना :-
   पोष्ट बक्स :-
   टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-
२. फर्म वा कम्पनीको प्रकृति (कोष्ठमा रेजा लगाउनु पर्नेछ)

| | | | |
|---|---|---|---|
| एकलौटी फम | ☐ | साझेदारी | ☐ |
| प्राईभेट कम्पनी | ☐ | पब्लिक कम्पनी | ☐ |

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-
   नाम थर :-
   ठेगाना :-
   पोष्ट बक्स :- टेलिफोन नं.
   फ्याक्स नं.:- ईमेल :-
४. फर्म वा कम्पनीको विवरण :-
   दर्ता नं. :- दर्ता मिति :-
   अधिकृत पूजी :- चुक्ता पूजी :-
   दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-
५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग
६. समूहीकरण हुन चाहेको समूह :-
७. आर्थिक श्रोतको विवरण :-

| विवरण | रकम | वित्तिय संस्था वा बैंकको नाम |
|---|---|---|
| स्थाई ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| अन्य कुनै | | |
| कुल जम्मा | | |

*नोटः उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।*

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

.(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम र विवरण | दर्ता नं. | क्षमता संङख्या | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धि कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला।

दरखास्तवालाको,- निर्माण व्यबसायीको छाप

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

## अनुसूची - २

कार्यविधि को दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (२) र (३) संग सम्वन्धित

| क्र.सं. | निर्माण व्यबसायीको बर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|
| १ | घ | रु. १०,०००।०० | रु. ५,०००।०० | रु. १,०००।०० |

**अनुसूची - ३**

कार्यविधि को दफा ४ को उपदफा (१) र (४) र दफा ५ को उपदफा (३) संग सम्वन्धित

**इजाजतपत्र**

ईजाजत नं.........                                        मितिः

**ईन्द्रावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपुर, सिन्धुपाल्चोक**

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७४ को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .................. स्थित कार्यालय भएको ....................... फर्म वा कम्पनीलाई “घ” बर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको,-
दस्तखत :-
नाम :-
पद :-
मिति :-

नविकरण :

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -४

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (भएमा) | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समयः | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ख) सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को ना | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति : | |
| | | | | | ग) ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न% | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | घ)निर्णय मितिः | घ)छाप | पद : | पद : | | |
| | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | | |
| | | | | | | | | छाप | छाप | | |

# अनुसुची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी वा एकलौटि फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

प्रमाणिकरण मितिः २०७४/११/२५

**आज्ञाले,**
**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**

# सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना :**

नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिम गठित गाउँपालिकामा कार्यबोझ, अधिकार र दायित्वका तुलनामा जनशक्ति अत्यन्त न्यून रहेको विद्यमान अवस्थामा स्वीकृत दरबन्दीको अधीनमा रही गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई छिटो, छरितो तथा प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि सेवा करार प्रकृतिका पदमा आवश्यक पर्ने कर्मचारीहरु (प्राविधिक, नर्सिङ्ग, पारामेटिक्स, कार्यालय सहायक, सवारी चालक तथा कार्यालय सहयोगी) नियुक्ति गर्ने प्रक्रियालाई व्यवस्थित र छरितो बनाउन वाञ्छिनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकारको प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०७४/१०/०६ को निर्णयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्राविधिक" भन्नाले असिस्टेन्ट सव इञ्जिनियर, सव इञ्जिनियर, ओभरसियर, इञ्जिनियर, कम्प्यूटर अपरेटर, सहायक कम्प्यूटर अपरेटर, सूचना प्रविधि अधिकृत लाई सम्झनु पर्छ ।

(ख) "सवारी चालक" भन्नाले गाउँपालिका वा अन्तर्गतका शाखा वा कार्यालयका सवारी साधनहरु चलाउने व्यक्ति वा चालकलाई सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इन्द्रावती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले सेवा करारमा लिइने कर्मचारी छनौटका लागि गठित समिति सम्झनु पर्छ ।

(ङ) "नर्सिङ तथा पारामेटिक्स कर्मचारी" भन्नाले अनमी, स्टाफ नर्स, अहेव, हेअ लाई सम्झनु पर्छ ।

(छ) "कार्यालय सहायक" भन्नाले खरीदार वा चौथौं तह वा सो सरहको पदलाई सम्झनु पर्छ ।

(ज) "कार्यालय सहयोगी" भन्नाले कार्यालयको दैनिक सरसफाई जस्ता कामकाज गर्ने कर्मचारी सम्झनु पर्छ ।

(झ) "परीक्षा" भन्नाले सेवा करारमा कर्मचारी छनौटका लागि गाउँपालिकाबाट लिइने वस्तुगत वा प्रयोगात्मक तथा अन्तरवार्ता सम्झनु पर्छ ।

३. **समितिको गठन :** (१) गाउँपालिकाको दैनिक सेवा प्रवाह गर्न होस वा विकास निर्माणका कार्य संचालन गर्न वा विद्युतीय शासन प्रणालीको अवलम्वन मार्फत सेवा प्रवाहलाई प्रभावकारी वनाउनका लागि आवश्यक पर्ने प्राविधिक, नर्सिङ, पारामेटिक्स, कार्यालय सहायक, सवारी चालक तथा कार्यालय सहयोगी पदमा भर्ना गर्नका लागि देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी ३ सदस्यीय एक **छनौट तथा सिफारिस समिति** गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सम्बन्धीत विषयको वा विषयगत शाखाको कर्मचारी वा विशेषज्ञ - सदस्य

(ग) नायव सुब्बा - सदस्य सचिव

(२) दफा ३ बमोजिक गठित समितिले आवश्यकता अनुसार वस्तुगत वा प्रयोगात्मक मध्ये एक वा दुवै परीक्षा र त्यस पश्चात उम्मेदवारको अन्तरवार्ता लिनेछ ।

४. **उम्मेदवारको अंकभार सम्बन्धी व्यवस्था :** (१) दफा ३ बमोजिम गठित समतिले दरखास्त दिने उम्मेदवारहरुको शैक्षिक योग्यता, कार्य अनुभव, स्थायी ठेगाना तथा कुनै पनि सरकारी वा गैर सरकारी संस्थाद्वारा संचालित कार्यक्रममा कार्य गरेको सूचकहरुका आधारमा विभिन्न पदका उम्मेदवारलाई अंक भार दिनेछ ।

(२) दफा ४ को (१) बमोजिका आधारमा दिइने अंकभार ६० पूर्णाङ्कको हुनेछ ।

(३) प्राविधिक, नर्सिङ तथा पारामेटिक्स, र कार्यालय सहायक उम्मेदवारको हकमा अनुसूची १ बमोजिमको ढाँचाको फाराम भरी उम्मेदवारलाई अंकभार दिइनेछ ।

(४) सवारी चालक, कार्यालय सहयोगी उम्मेदवारको हकमा अनुसूची २ बमोजिमको ढाँचाको फाराम भरी उम्मेदवारलाई अंकभार दिइनेछ ।

५. **प्रयोगात्मक र अन्तरवार्ताको व्यवस्था** : (१) गाउँपालिकाद्वारा माग गरिएको पदमा दरखास्त दिने उम्मेदवारले दफा ४ को उपदफा (१) बमोजिमको आधारमा अंकभार प्राप्त गरे पश्चात त्यस्ता उम्मेदवारहरुलाई २० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा लिइनेछ ।

(२) यसरी उपदफा (१) बमोजिमको प्रयोगात्मक परीक्षा पश्चात २० पूर्णाङ्कको अन्तरवार्ता लिईनेछ ।

६. **छोटो सूची (Short List) तयार गर्ने :** दफा ४ मा तोकिएको मापदण्डका आधारमा ६० पूर्णाङ्कमा कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्ने आवेदककर्तालाई मात्र छोटो सूची (Short List) मा समावेश गरी प्रयोगात्मक र अन्तरवार्ताको लागि बोलाईनेछ ।

७. **सिफारिस प्रक्रिया :** समितिले सवै चरणको परीक्षामा उम्मेदवारले प्राप्त गरेको कुल अंक जोडि सवै भन्दा उत्कृष्ट अंक प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गर्नेछ र अन्य २ जना वढी अंक प्राप्त गर्ने उम्मेदवारलाई पहिलो र दोश्रो वैकल्पिक उम्मेदवार कायम गरिनेछ ।

८. **उजुरी उपर कारवाही :** (१) सिफारिस सम्बन्धमा कुनै उम्मेदवारलाई चित्त नबुझेको खण्डमा गाउँ कार्यपालिकाको कार्यालयमा रु ३००/- को रसिद काटी निवेदन पेश गर्न सक्नेछ ।

(२) उजुरी उपर सिफारिस समितिले अध्ययन गरी अन्तिम निर्णय गर्नेछ ।

९. **करार अवधी :** (१) गाउँपालिकालाई आवश्यक पर्ने सेवा करारमा पदपूर्ती गरिने कर्मचारीको करार अवधी छ (६) महिनाको मात्र हुनेछ ।

(२) यसरी सेवा करारमा कामकाज गर्ने कर्मचारीहरुको ठाउँमा वा सोही पदमा कामकाज गर्न अन्यत्रबाट स्थिायी कर्मचारी खटिई आएको खण्डमा त्यस्ता कर्मचारीसँगको सेवा करार स्वतः भंग भएको मानिनेछ ।

(३) कुनै पनि कर्मचारीको सेवा अवधी नियुक्ति मितिले छ (६) महिना पुगे पश्चात निजसँगको सेवा करार निरन्तरता दिने वा नदिने सम्बन्धी निर्णय मानव संशाधन तथा पदपूर्ती समितिको निर्णय बमोजिम हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

११. **परिमार्जन तथा संशोधन :** कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

# अनुसूची - १

## प्राविधिक, नर्सिङ तथा पारामेटिक्स, एवं कार्यालय सहायक उम्मेदवारका लागि दिइने अंकभार फारामको ढाँचा

| क्र.स. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| **१** | **शैक्षिक योग्यता (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा)** | **२०** |
| **१.१** | **अंक अंकित स्तर निर्धारण पद्धति भएका विश्व विद्यालयको हकमा** | |
| १.१.१ | ८० प्रतिशत वा सो भन्दा माथि प्राप्ताङ्क भएको वा सम्बन्धित विषमा तोकिएभन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | २० |
| १.१.२ | ६५ प्रतिशत देखि ७९.९९ प्रतिशत सम्म प्राप्ताङ्क भएको | १६ |
| १.१.३ | ५५ प्रतिशत देखि ६४.९९ प्रतिशत सम्म प्राप्ताङ्क भएको | १० |
| १.१.४ | ५५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएको | ६ |
| **१.२** | **अक्षर अंकित स्तर निर्धारण पद्धति (Letter Grading System) भएका विश्व विद्यालयका हकमा** | |
| १.२.१ | Cumulative Grading Point Average (३.५ देखि ४ सम्म) वा सम्बन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | २० |
| १.२.२ | Cumulative Grading Point Average (३ देखि ३.५ भन्दा कम) | १६ |
| १.२.३ | Cumulative Grading Point Average (२.५ देखि ३ भन्दा कम) | १० |
| १.२.४ | अन्य | ६ |
| **२** | **कार्य अनुभव (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात)** | **२०** |
| २.१ | २ वर्ष भन्दा माथि सरकारी वा गैर सरकारी निकायमा सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको | २० |
| २.२ | १ वर्ष भन्दा माथि | १६ |

| | | |
|---|---|---|
| २.३ | १ वर्ष सम्म | १० |
| २.४ | कार्य अनुभव नभएको | ८ |
| **३** | **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी** | **१०** |
| ३.१ | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहमा भएमा | १० |
| ३.२ | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहको जिल्लामा भएमा | ८ |
| ३.३ | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहको प्रदेशमा भएमा | ६ |
| ३.४ | अन्य | ४ |
| **४** | **सरकारी वा गैर सरकारी संस्थाद्वारा संचालित कार्यक्रममा कार्य गरेको भएमा** | **१०** |
| | **जम्मा** | **६०** |

## अनुसूची - २

## सवारी चालक तथा कार्यालय सहयोगी उम्मेदवारका लागि दिइने अंकभार फारामको ढाँचा

| क्र.स. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| **१** | **शैक्षिक योग्यता** | **२०** |
| १.१ | एस.एल.सि. वा सो भन्दा माथि | २० |
| १.२ | कक्षा ८ पास भएको | १६ |
| १.३ | साधारण लेखपढ गर्न सक्ने भएको | १० |
| १.४ | अन्य | ६ |
| **२** | **कार्य अनुभव** | **२०** |
| २.१ | २ वर्ष वा सो भन्दा माथि | २० |
| २.२ | १ वर्ष भन्दा माथि | १६ |
| २.३ | १ वर्ष सम्म | १० |
| २.४ | कार्य अनुभव नभएको | ६ |
| **३** | **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी** | **१०** |
| ३.१ | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहमा भएमा | १० |
| ३.२ | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहको जिल्लामा भएमा | ८ |
| ३.३ | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहको प्रदेशमा भएमा | ६ |
| ३.४ | अन्य | ४ |
| **४** | **सरकारी वा गैर सरकारी संस्थामा कार्य गरेको भएमा** | **१०** |
|  | **जम्मा** | **६०** |

प्रमाणिकरण मितिः २०७४/१०/०६

**आज्ञाले,**
**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**

# विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४

**प्रस्तावना :**

प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएको एकल अधिकार तथा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा (२) को न. (६) बमोजिम एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०७४/१०/०६ को बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१.१ यस कार्यविधिको नाम **"विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४"** रहेको छ ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :**

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ भन्ने सम्झनु पर्छ ।

ख) "कोष" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कोष भन्ने सम्झनु पर्छ ।

ग) "व्यवस्थापन समिति" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले इन्द्रावती गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ङ) “विपद” भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

**३. कोष स्थापना :**

३.१ विपद व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. कोषको कार्यालय :**

४.१ कोषको सचिवालय गाउँ कार्यपालिको कार्यालयमा रहने छ ।

# परिच्छेद- २

## कोषको अवधारणा लक्ष्य उद्देश्य र नीति

**५. कोषको अवधारणा :**

ईन्द्रावती गाउँपालिकामा हुने सबै प्रकारका प्रकृतिक तथा मानव सृजित विपद तथा प्रकोप बाट प्रभावित व्यक्ति, परिवार, संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्रकृतिक विपदबारे सचेतना अभिवृदि गर्दै विपदबाट हताहत हुनेको संख्या न्युनीकरण गर्न, पीडित परिवारको पहिचान गरी राहत सहयोग पु-याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य :**

प्राकृतिक तथा मानव सृर्जित प्रकोपमा परेका परिवार, संघसंस्थाहरुलाई राहत तथा पुनःस्थापनामा सहयोग पु-याउने, विपद जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य :**

कोषका उद्देश्यहरु देहायबमोजिम हुनेछन्:

७.१ विपद पीडितको उद्धार तथा पुनःस्थापनाका लागि जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघसंस्थावीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

७.२ विपदका दृष्ट्रिकोणले गाउँपालिकाका जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरी विपद रोकथाम तथा विपद जोखिम

व्यवस्थापनका लागि भौतिक तथा चेतनामुलक कार्यक्रम संचालन गर्ने ।

७.३ विपदबाट हुन सक्ने जोखीमलाइ न्युनीकरण गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने ।

७.४ विपद पीडितको आधारभुत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मुल्याङकनका आधारमा तत्काल राहत उपलब्ध गराइ सहयोग गर्ने ।

७.५ भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरण मैत्रि तथा भवन निर्माण आचार संहिता बमोजिम गर्ने, गराउने ।

७.६ स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ द्वारा निर्देशित विपद जोखिम व्यवस्थापन योजना तर्जुमा मा जोड दिने ।

७.७ विपदबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि गाउपालिकाको क्षमता विकास गर्ने ।

७.८ विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबँ निकायहरुका बीच समन्वय गर्ने ।

७.९ विपद बाट पीडित व्यत्तिहरुलाइ तत्काल उद्दार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

७.१० विपद व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्ने गराउने ।

## ८. नीति

८.१ विपद पीडितको तत्काल उद्दार गर्ने ।

८.२ विपद पीडितलाई उद्दार पछि राहत सहयोग उपलब्ध गराउने ।

८.३ विपद पीडितहरुलाइ पहिचान गरि तत्काल पुनःस्थापनका लागि सहयोग पु-याउने ।

८.४ विपद पीडितहरुलाई सहयोग उपलब्ध गराउनका लागि सम्बन्धित सबै निकायहरुका बीच समन्वय गर्ने ।

८.५ स्थानीय तहमा भवन निर्माण आचारसंहिता बमोजिम भौतिक संरचना निर्माण गर्ने गराउने तथा स्थानीय तहमा विपद जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।

# परिच्छेद-३

# कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

## ९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था :

९.१ कोषको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि देहायबमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :

क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख) उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको प्रतिनीधि - सदस्य

घ) नेपाल प्रहरी, नेपाली सेना तथा सशस्त्र प्रहरीका स्थानीय प्रमुख - सदस्य

ङ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक - सदस्य

च) रेडक्रस सोसाइटी गाउँपालिका शाखा हेर्ने संयोजक - सदस्य

छ) नेपाल पत्रकार महासंघ गाउँपालिका संयोजक - सदस्य

ज) गाउँ कार्यपालिकाको कार्यालय योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख - सदस्य सचिव

९.२ व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

९.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

९.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ ।

९.५ व्यवस्थापन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

९.६ बैठकको निर्णय अध्यक्ष द्वारा प्रमाणित गर्नुपर्नेछ ।

## १०. समितिको काम, कर्तव्य र अधिकार :

१०.१ विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) विपद व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने ,

ख) कोषको बार्षिक योजना तर्जुमा गरि गाउसभामा पेश गर्ने ,

ग) विपद सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने ,

घ) विपद बाट पिडित व्यक्ति परिवार र संघसंस्थालाई तत्कार राहत उपलब्ध गराउने,

ङ) विपद बाट पिडितका लागि पुनःस्थापनाको व्यवस्था गर्ने ,

च) वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा वातावरण मैत्रि बनाउन समन्वयकारी भुमिका निर्वाहा गर्ने ,

छ) विकास प्रकृयामा विपद जोखिम न्यूनीकरणलाइ मुल प्रवाहिकरण गर्ने ,

ज) कोषका कार्यहरुको अनुगमन , सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

झ) स्थानीय तहका विपद जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद जोखिम व्यवस्थापन लाई संस्थागत गरि विपद उत्थानसिल समाजको निर्माण गर्ने ।

## ११. अध्यक्षको काम, कर्तव्य र अधिकार :

अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,

क) बैठकको अध्यक्षता गर्ने,

ख)	बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

ग)	बैठकमा प्रतिबेदन पेश गर्ने, प्रस्ता पेश गर्ने गराउने

घ)	समितिका सदस्यहरुलाइ कामको बाडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

ङ)	कोषको वित्तिय श्रोत जुटाउने र परिचालन गर्ने गराउने,

च)	कोषका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गराउने

छ)	कोषको बैठक सहभागितात्मक रुपमा गराउने

ज)	कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने

झ)	कोषका तर्फबाट अन्य निकाय, संघ/संस्था संग सम्झौता गर्नूपर्ने भए गर्ने गराउने

ञ)	कोषको योजना तर्जुमा तथा सो को स्वीकृती गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने

ट)	कोषका कामको अनुगमन मुल्याङकन गर्ने गराउने

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्ष सँग सल्लाहामा छलफलका विषयबस्तुहरु तयार गरि निर्णयार्थ बैठकमा पेश गर्ने

ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

ग) कोषसँग सम्बन्धित सूचनाहरु, तथ्याङ तथा अभिलेख अध्यावधिक गर्ने,

घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

च) कोषका कार्यक्रम तर्जुमा स्वीकृती र कार्यान्वयन गर्न आवश्यक कार्वाही गर्ने,

छ) कार्यक्रहरुको अनुगमन गर्ने गराउने,

ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

**१३. सदस्यको काम कर्तव्य र अधिकार :**

कोषको सदस्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) बैठकमा उपस्थित भइ छलफलमा सक्रियतापूर्वक भाग लिने,

ख) अध्यक्षको काममा सहयोग पु-याउने,

ग) तोकिएको जिम्मेवारीलाइ पुरा गर्ने,

घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

च) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पु-याउने ।

# परिच्छेद- ४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तिय व्यवस्थापन**

१४.१ कोषमा देहायका रकमहरु रहने छन्:

क) गाउँसभा बाट विपद व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तहबाट प्राप्त हुने रकम ,

ग) दातृ निकाय परियोजना गैर सरसरकारी संस्था बाट प्राप्त हुने रकम

घ) कोषलाई सेवा शुल्क बाट प्राप्त हुने रकम

ङ) कोषलाई अन्य विभिन्न स्रोत हरु बाट प्राप्त हुने रकम ।

च) संघिय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदान सहयोग हुने रकम ।

१४.२ कोषको रकम नेपाल राष्ट्र बैक द्वारा क वर्गको इजाजत प्राप्त कुनैपनि वैङ्मा छुट्टै खाता खोलि जम्मा गरिने छ । कोषको संचालन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखापालको संयुक्त दस्तखत बाट हुनेछ ।

१४.३ कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था :**

कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएबमोविम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. वर्जित गरिएको वारे** :

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ ।

**१७. प्रशासनिक व्यवस्था :** कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीहरु बाट नै संचालन गरिनेछ ।

**१८. बैठक भत्ता :** कोषको व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी तथा सदस्यहरु एवं अन्य आमन्त्रितलाई गाउँ कार्यपालिकाको निर्णयानुसार भत्ता उपलब्ध गराइनेछ ।

**१९. कार्यक्रम संचालन सम्बन्धी खर्च व्यवस्था :**

१९.१ कोषबाट संचालन हुने कार्यक्रमहरु कोषले आफै वा अन्य सरकारी गैरसरकारी निकायसँग मिलेर संचालन गर्न सक्नेछ ।

१९.२ कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ संस्थाहरुको प्राविधिक सहयोगवाट संचालन गराउन सक्नेछ ।

१९.३ गाउँपालिका क्षेत्रभित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु अन्य कुनै निकाय द्वारा संचालन गरिन्छ भने उक्त कार्यक्रम संचालनको स्वामित्व गाउँ कार्यपालिकामा रहेको मानिनेछ ।

**२०. राहत तथा उद्धार कार्य संचालन सम्बन्धि व्यवस्था :**

गाउँपालिकाका कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहायबमोजिमको व्यवस्थापन गरिनेछ :

क) विपद प्रभावित स्थानको पहिचान गरी तत्काल उद्धार को व्यवस्था गरिनेछ ।

ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने व्यवस्था मिलाइनेछ ।

ग) वडा समितिको वैठक द्वारा विपद प्रभावित वा पीडितहरुको सर्जमित मुचुल्का गराई राहत अनुदानका लागि वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गरिनेछ ।

घ) वातावरण तथा विपद व्यवस्थापन समिति बाट विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिस व्यवस्था मिलाइनेछ ।

च) यस खण्डमा जेसुकै लेखिएको भएतापनि यस सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

**२१. विपद प्रभावित वर्गीकरण :** गाउँपालिकामा आइपर्ने विपद बाट प्रभावितहरुको वर्गीकरण देहायबमोजिम हुनेछ :

**क) प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद जस्तैः भुकम्प, वाढी , पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु

सर्पदशं, जनावर आतङ्क आदि बाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन ।

**ख) आंशिक प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरु जस्तै: घरमा सामान्य क्षति भएका तर बस्न लायक, वाढी, पहिरोले खेतवारी सामान्य क्षति पु-याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

**ग) अति प्रभावित**

प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङग भङग भई जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

**२२. राहत वितरण व्यवस्थापन सम्बन्धी :**

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. २१ (क) वर्गीकरणमा परेकाहरुलाई बढीमा ५ हजार सम्म उपलब्ध गराउने,

ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. २१ (ख) वर्गीकरणमा परेकाहरुलाई प्रति परिवार ७ हजार सम्म उपलब्ध गराउने,

ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. २१ (ग) वर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलव्ध गराउने,

अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु १५,०००/-

आ) घरवार विहिन भएका परिवार लाई प्रति परिवार रु १०,०००/-

इ) अंग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु ५,०००/-

ई) शारीरिक रुपमा घाइते भई उपचारत अवस्थामा रहेका प्रति व्यक्ति रु ७,०००/-

उ) महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरु अति प्रभावितको सिफारिसमा परेका संघ संस्थाहरुको हकमा मर्मत संम्मार तर्फ रु १००००/- तथा अन्य संस्थाहरुलाइ रु ५०००/-

**२३. वडा स्तरीय विपद प्रभावित पहिचान समिति :**

वडा स्तरीय विपद प्रभावित पहिचान समिति देहायबमोजिम हुनेछ,

क) वडा अध्यक्ष - संयोजक

ख) वडा सदस्यहरु - सदस्य

ग) सम्बन्धित वडामा रहेका सुरक्षा निकायका प्रमुख - सदस्य

घ) सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रमुख - सदस्य

ङ) गाउपालिकाले तोकेको प्राविधिक - सदस्य

च) वडा सचिव - सदस्य सचिव

# परिच्छेद- ५

## विविध

**२४. कोष बाट कार्यक्रम संचालन गर्नुपर्ने :**

गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका र यस अर्न्तगतका समिति वा उपसमिति बाट विपद सम्बन्धी कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछन् ।

**२५. जाँच पास तथा फरफारक :**

कोष बाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ

**२६. गाउँपालिका विकास योजनामा समावेश गर्ने** :

कोष बाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२७. कार्यविधिको संशोधन :**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**२८. बचाउ र खारेजी :**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन सँग बाजिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाउकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँ कार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

प्रमाणिकरण मिति: २०७४/१०/०६

**आज्ञाले,**
**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**

# व्यवसाय कर संकलन निर्देशिका, २०७४

**प्रस्तावना :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा उल्लेखित व्यवसाय कर सम्बन्धी व्यवस्था र गाउँपालिका क्षेत्रभित्रका व्यापार, व्यवसाय र पेशामा व्यवसाय कर लगाई असूल गर्ने कार्यलाई सरल, वैज्ञानिक र तजविजी अधिकार सहित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ईन्द्रावती गाउँ कार्यपालिकाले मिति २०७४/०९/१२ मा यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ।

१. **व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्ने :** ईन्द्रावती गाउँपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय संचालन गर्नु अघि यस निर्देशिका बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ।

२. **व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :** (क) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ। यस्तो फाराममा देहायका कुराहरु खुलेको हुनुपर्छ

(क) व्यवसायको नाम,

(ख) व्यवसाय रहने ठेगाना

(ग) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा

(घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण

(ङ) स्थीर पूँजीगत लगानी

(च) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम

(छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम

(ज) समय समयमा गाउँपालिकाले तोकिदिएको अन्य विवरणहरु

(झ) व्यवसायीको नागरिकता वा स्थानीयकर इजाजत नम्वर

(ञ) अन्यत्र व्यवसाय दर्ता, इजाजत प्राप्त भएको भए साको विवरण तथा इजाजत, दर्ता प्रमाणपत्र नम्वर ।

(ख) निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नेछ । साथै व्यवसाय दर्ता भएपछि गाउँ कार्यपालिकाको कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-२ बमोजिकको व्यवसाय कर दर्ता कितावमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय कर दर्ता प्रमाण पत्र उपलब्ध गराउनेछ ।

३. **छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्ने :**
एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय व्यसाय संचालन गर्नुपर्ने भएमा निर्देशिकाले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।
तर शाखा वा थप कारोवार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस बुँदाले बाधा पु-याएको मानिने छैन ।

४. **कर बुझाउने दायित्व :** कर बुझाउने दायित्व यस निर्देशिकाको बुँदा नं. २ बमोजिकको व्यवसाय दर्ता भएको व्यक्ति वा निजको प्रतिनिधिको हुनेछ । तर कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई कर बुझाउन बाध्य गर्न सकिनेछ ।

५. **व्यवसायको नविकरण गर्नुपर्ने :** बुँदा नं. २ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३५ दिनभित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नवीकरण गर्नुपर्नेछ ।

६. **विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :** बुँदा नं. २ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरु मध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा १५ दिनभित्र सोको जानकारी सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

बुँदा नं. (५) बमोजिम निवेदन परेमा सम्बन्धित वडा कार्यालयले आवश्यक जाँचबुझ समेत गरी संशोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरेवापत रु २००/- थप दस्तुर लिई विवरण संशोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

७. **व्यवसायको नाम परिवर्तन गर्ने सम्बन्धमा** : व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम एवं व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दरभन्दा बढी लाग्ने भएमा सो फरक रकम समेत असूल गर्नुपर्नेछ ।

८. **साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्ने :** (क) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी सम्बन्धित वडामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन परेमा सम्बन्धित कार्यालयले आवश्वयक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी वार्षिक करको दरमा २५ प्रतिशत वा रु ५०० मध्ये जुन बढी हुन्छ सो थप दस्तुर समेत लिई साझेदार थप गरिदिनु पर्नेछ ।

(ख) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा संचालनमा रहेको पेशा व्यवसाय गाउँपालिकाकै अर्को स्थान/वडामा ठाउँसारीको लागि निवेदन परेमा सम्बन्धित कर अधिकृतले आवश्यक जाँजबुझ गरी चालु आर्थिक वर्षसम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएकोमा ठाँउसारी हुने वडा कार्यालयले व्यसाय दर्ता विवरणमा ठाउँसारी जनाई साविकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ ।

(ग) ठाउँसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गर्नुपर्नेछ ।

(घ) लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

(ङ) ठाउँसारी गर्न चाहने करदाताले ठाउँसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचबुझ गरी रु ५०० दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ। साथै ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

९. **कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्ने :** (क) कुनै खास पेशा, व्यवसाय वा व्यपारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित करदाताको हुनेछ । विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(ख) यस निर्देशिका बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पम्बन्धित करदाताको पालना गर्ने गराउने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

१०. **व्यवसाय संचालनको अनुमति लिनु पर्ने** : (क) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायबाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व करदाताको हुनेछ ।

(ख) यस निर्देशिका बमोजिम गाउँपालिका क्षेत्रभित्र कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय संचालन गर्ने अनुमति पाएको मानिने छैन ।

११. **व्यवसाय दर्ता खारेज गर्न सकिने :** (क) यस निर्देशिका बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको

निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ । निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय संचालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(ख) ऐन, नियमावली र यस निर्देशिका बमोजिम दर्ता भएको व्यसाय बन्द गर्न चाहेमा मनासिब कारण खोली करदाताले सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँजबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लगत कट्टा वापत लिईने सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(ख) प्रचलित कानून विपरितको कारोबार पेशा संचालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह करदाताबाट असूल गर्नेछ । तर यस निर्देशकामा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व करदातालाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(ग) यस निर्देशिकाको ९ (क) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध करदाताको नाममा गाउँपालिकामा ३ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरीसंचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता करदाताको विवरण सार्बजनिक गरिनेछ ।

**१२. <u>जरिवाना तथा थप दस्तुर लाग्ने :</u>** (क) ऐन, नियमावली तथा यस निर्देशिकामा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा ५ प्रतिशत जरिवाना लिई असूल गरिनेछ । तर ऐन, नियमावलीमा उल्लेख भएको जरिवानाको हकमा सोही बमोजिम हुनेछ ।

(ख) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक १० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असूल उपर गरिनेछ ।

**१३. कर छुट तथा मिन्हा दिने सकिने :** (क) गाउँपालिका क्षेत्रभित्र संचालित व्यवसायहरु सबैलाई करको दायरामा ल्याउने उद्देश्यले गाउँपालिकाले संचालन गर्ने कर टोली खटिने अवधि, कुनै खास प्रकृतिको पेशा तथा व्यवसायमा गाउँ कार्यपालिकाबाट निर्णय गराई आशिंक कर छुट वा जरिवाना मिनाहा वा दुवै सहुलियत दिन सकिनेछ । तर छुट तथा मिनाहाको व्यवस्था गर्दा निश्चित अवधि तोक्नुपर्नेछ ।

**१४. प्रतिलिपि दिन सक्ने :** व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नवीकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा बडाले आवश्यक जाँचबुझ गरी प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१५. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने** : प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसाय संचालन नै नभएकाले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा त्यस्ता प्रकृतिका व्यवसायमा लाग्ने वार्षिक करको २५ प्रतिशत वा रु ५०० मध्ये जुन बढी हुन्छ सोही बराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

**१६. व्यवसाय दर्ता/नविकरण नगरी संचालन गरेमा कारवाही हुने :** (क) प्रचलित कानून र यस निर्देशिका बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र संचालन गरेको पाइएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई १५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(ख) व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले १५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गरिनेछ । यसरी सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

**१७. थपघट, हेरफेर वा संशोधन :** कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

**१८. वाधा अडकाउ फुकाउने अधिकार :** (क) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, नियम र यस निर्देशिकाको मूलभूत कुरालाई असर गर्ने गरी बमोजिमको बाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

**१९. यसै बमोजिम भए गरेको मानिने :** यो निर्देशिका स्वीकृत हुनुपूर्व गाउँ कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।

निर्देशिकाको बुँदा नं. २ को (क) सँग सम्बन्धित

अनुसूचि-१

**ईन्द्रावती गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**नवलपुर, सिन्धुपाल्चोक**

**३ नं. प्रदेश, नेपाल**

श्रीमान् ...................................................ज्यू

............................................................................।

विषय : व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी राख्न अनुमती पाउँ ।

मैले/हामीले निम्न स्थानमा......................................................व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । स्थानीय सरकार संचालन ऐन, २०७४, दफा ५८ बमोजिम लाग्ने व्यवसाय कर साथै गाउँपालिकाबाट समय समयमा दिईने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिक कारवाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायको नाम, थर : ...................................................
   (फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगाना : ........................ जिल्ला :.........................
   गाउँपालिका : ........................
   वडा नं. : ............ मार्ग :....................घर नं. : ................

३. बाबुको नाम, थर : .......................................................

---

४. व्यसाय रहने स्थानको ठेगाना : वडा नं. : .........................
   मार्ग : ..................... घर नं. : ............
   पसल संकेत नं. : ............ पोष्ट बक्स नं. : ......................
   वेभसाइट :...............................................

५. सम्पर्क नं. : ........................... फ्याक्स :.........................
   इमेल : ...................................................

६. भाडामा रहेको भए व्यवसाय रहने घर/जग्गा धनीको नाम, थर :
..............................................................................
७. ठेगाना : ....................................... वडा नं. : ................
मार्ग :........................................ घर नं. : ..................
८. व्यवसायको विवरण/पकृति : ............................................
९. पूँजीगत लगानी रु ..........................................................
१०. फर्म/कम्पनीको नाम : ..................................................
११. परिचय पाटीको साइज : (लम्वाई : ............ चौडाई :..........
वर्गफिट :....................)
१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. :.................................. /
कार्यालय :....................................

---

१३. संलग्न गनुपर्ने कागजातहरु :
आफ्नै घर भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१, विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो -२ प्रति, फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

...................................
निवेदकको दस्तखत
मिति : ............................................

---

**कार्यालय प्रयोजनका लागि मात्र :-**

निवेदन दस्तुर : ......................... दर्ता दस्तुर : ............................
व्यवसायकर : ............................................
परिचय पाटी दस्तुर : ...................... जरिवाना :..........................
जम्मा : ............................
व्यवसाय प्रमाण पत्र नं. : ..........................

| ...................... | ............................. | ......................... |
|---|---|---|
| पेश गर्ने | ठीक छ भनी प्रमाणित गर्ने | स्वीकृत गर्ने |

मिति : ................................

निर्देशिकाको बुँदा नं. २ को (ख) सँग सम्बन्धित

अनुसूची-३

**ईन्द्रावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपुर, सिन्धुपाल्चोक**

**३ नं. प्रदेश, नेपाल**

**व्यवसाय दर्ता प्रमाण-पत्र**

**करदाता नं.:............**

**दर्ता मिति :**

**प्रमाण-पत्र नं. :**

**................................ जिल्ला............................ गाउँपालिका/ नगरपालिका .................. नं.वडा ..........................................**

**टोल/गाउँ वस्ने श्री ........................................................लाई**

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ बमोजिम निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ।**

**व्यवसाय/फर्मको नाम : ..........................................................**

**व्यवसाय रहने स्थान : इन्द्रावती गाउँपालिका, वडा नं. ............ बाटोको नाम : ................................. घर नं. ................................. टोल ......................................................................**

**व्यवसाय रहने घर/जग्गा धनीको नाम : .......................................**

**व्यवसायको पकृति : ........................... प्यान नं. ........................**

**सम्पर्क नं. .........................................**

| | |
|---|---|
| .................................. | ........................................ |
| **करदाताको हस्ताक्षर** | **स्वीकृत गर्नेको हस्ताक्षर** |

**ध्यान दिनुपर्ने कुराहरु :**

१. प्रत्येक आर्थिक वर्षको लागि तोर्किएको वार्षिक कर सम्बन्धित कार्यालयमा गई उक्त आ.व.को ३५ दिन भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ। गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिने छ ।

२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

३. व्यवसाय बन्द गर्नु परेमा करदाताले सम्बन्धित कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ ।

४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सवैले देखिने गरी राख्नु पर्दछ र गाउँपालिकाको सम्बन्धित कर्मचारीहरुले हेर्न चाहेका बखतमा तुरुन्त देखाउनु पर्नेछ ।

५. कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६. व्यवसायबाट उत्पादन हुने फोहरमैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७. व्यवसाय संचालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८. उल्लेखित शर्तनामाहरु पालना नगरेको खण्डमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ ।

९. यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय संचालन गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम अनुमति लिएर मात्र संचालन गर्नुपर्नेछ ।

प्रमाणिकरण मितिः २०७४/०९/१२

**आज्ञाले,**
**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**